नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

जलविज्ञान महाशाखा/बाढी पूर्वानुमान शाखा

# बाढी बुलेटिन (Flood Bulletin)

**(जारी मिति: २०७५-०३-१६ गते बिहान ६ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

हाल देशका सवै प्रमुख नदी हरुमा जलसतह सामान्य अवस्थामा छ तर बढ्दो क्रममा छ ।

## पूर्वानुमान (Forecast)

### १) वर्षा पूर्वानुमान (Rainfall Forecast)

विगत ३ दिन देखि सक्रिय मनसुन देशैभर फैलिएकाले देशका प्राय स्थानहरूमा गएको २४ घण्टामा हल्का देखि मध्यम वर्षाको मापन भएको छ । विभिन्न माध्यमबाट प्राप्त वर्षाको पूर्वानुमान अनुसार आज देशको पुर्वि , मध्य र पश्चिम भागको धेरैजसो स्थानहरूमा हल्का देखी मध्यम बर्षा तथा केही स्थानमा भारी बर्षाको समेत संभाबना छ। भोली मध्य र पश्चिम भागको मध्यपहाडी र तराईको धरै स्थानहरूमा मध्यम देखि भारी बर्षाको सभावना छ । पर्सि पनि मध्य र पुर्वि भागको मध्यपहाडी र तराईको धरै स्थानहरूमा मध्यम देखि भारी बर्षा हुने संभावना छ ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज (बिहान ६ बजे देखि भोली बिहान ६ बजे सम्म) (Today)

आज देशका कन्काई, कोसी, कमला, बागमती, नारायणी, पश्चिम राप्ति, बबई, कर्णाली र महाकाली कुनै पनि मुख्य नदीहरुमा बहाब सामान्य छ । बहाबले सतर्कता तह पार गर्ने संभावना न्युन छ तर वहाब बढ्दो क्रममा रहने देखिन्छ।

### पूर्वानुमान भोली ( भोली बिहान ६ बजे देखि पर्सि बिहान ६ बजे सम्म) (Tomorrow)

भोली देशका कोसी, नारायणी, कर्णाली र महाकाली नदीहरुमा बहाबले सतर्कता तह पार गर्ने संभावना देखिंदैन तर पुर्वमा कमला, खाडो, गागन, रातु, मध्य भागमा बागमती,पुर्वि राप्ती, रिउखोला, पच्चिमा बाणगङगा, पश्चिम राप्ति, बबई, मोहना, मछेली लगायत अन्य नदीहरू केहीमा बहाब खतराको तह सम्म पुग्ने संभावना देखिन्छ।

### पूर्वानुमान पर्सि (पर्सि विहान ६ बजे देखि निक-पर्सि बिहान ६ बजे सम्म) (Day after Tomorrow)

पर्सि पनि देशका कोसी, नारायणी, कर्णाली र महाकाली कुनै पनि नदीहरुमा बहाबले सतर्कता तह पार गर्ने संभावना देखिंदैन तर मध्य भागको बागमती र रिउखोला र पुर्व तर्फका प्राय सबै नदीहरू मेची, कन्काई, कमला, खाडो, रातु गागन लगायत अन्य नदीहरू केहीमा बहाब खतरा तह भन्दा माथी पुग्ने अनुमान छ ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

आगामी तीन दिन देशका कुनै पनि ठुला नदीजलाधारहरु कोसी, नारायणी, कर्णाली र महाकालीमा बहाबले खतरा तह पार गर्ने संभावना देखिंदैन तर वहाब बढ्दो क्रममा हुने देखिन्छ । भोली कमला, खाडो, गागन, रातु, बागमती,पुर्वि राप्ती, रिउखोला, बाणगङगा, पश्चिम राप्ति, बबई, मोहना, मछेली लगायत चुरे र महाभरतबाट बहने नदीहरू मध्य केहीमा बहाब खतरा तह सम्म पुग्ने तथा पर्सि मध्य भागको बागमती र रिउखोला र पुर्व तर्फका प्राय सबै नदीहरू मेची, बक्राह, कन्काई, कमला, खाडो, रातु गागन लगायत आसपासका चुरे र महाभारतबाट बहने अन्य नदीहरुमा वहाब खतराको तह सम्म पुग्ने अनुमान भएकाले नदी तटिय क्षेत्रमा गर्नुपर्ने कार्यहरू भोली देखी सतर्कता साथ गर्नहुन तथा प्रतिकार्यको लागी तयारी अबस्थामा रहन अनुरोध छ ।

भोली दिउँसो देखि चुरे र महाभारतबाट बहने प्राय नदीमा वहाब खतरा भन्दा माथी जाने अनुमान भएकाले तराई, चुरे र मध्यपहाडी क्षेत्रका नदी तटिय क्षेत्र तथा डुवान भइरहने क्षेत्रमा बस्नुहुनेहरू पर्सि सम्म सतर्कता अपनाइराखौं।

*(वाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट www.hydrology.gov.np मा समेत हेर्न सकिने छ)*